# संघीय संसद
# प्रतिनिधि सभा

**छैठौं अधिवेशन**

**बैठक संख्या - १**

## दैनिक कार्यसूची

२०७७ वैशाख २६ गते

**शुक्रबार**

दिनको ४:०० बजे

**राष्ट्रपतिको पत्र**

१. सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट अधिवेशन आव्हान सम्बन्धी प्राप्त पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

**सन्देश टेबुल**

२. "काठमाडौं उपत्यका सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६" र "पारमाणविक विधेयक, २०७६" का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश सहितको विधेयक टेबुल गरिने ।

**अध्यक्षता गर्ने सदस्यको मनोनयन**

३. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १० को उपनियम (१) बमोजिम अध्यक्षता गर्ने सदस्यहरुको मनोनयन गर्नुहुने ।

**अध्यादेश प्रस्तुत**

४. सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीले "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७" पेश गर्नुहुने ।

५. मा० गृह मन्त्री श्री रामबहादुर थापाले "राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७७" पेश गर्नुहुने ।

६. मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङफेले "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउने अध्यादेश, २०७७" पेश गर्नुहुने ।

**मन्तव्य**

७. संसदीय दलका नेताहरुले अधिवेशन प्रारम्भको अवसरमा मन्तव्य दिनुहुने ।

**शोक प्रस्ताव**

८. सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुने :-

(क) "प्रतिनिधि सभाको यो बैठक २०६४ सालको संविधान सभा निर्वाचनमा तत्कालिन नेपाली जनता दलबाट समानुपातिक तर्फबाट निर्वाचित सदस्य, नेपालको शिक्षा, सँस्कृति र विज्ञान क्षेत्रमा योगदान पुऱ्याउनु भएका प्रा० डा० विश्वनाथप्रसाद अग्रवालको ७५ वर्षको उमेरमा मिति २०७६ साल फागुन ३० गते शुक्रबार ललितपुरको सानेपास्थित आफ्नै निवासमा असामयिक निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ख) "प्रतिनिधि सभाको यो बैठक २०६४ सालको संविधान सभा निर्वाचनमा तत्कालिन नेपाली काँग्रेस दलबाट समानुपातिक तर्फबाट निर्वाचित सदस्य, लोकतान्त्रिक आन्दोलन र सामाजिक क्षेत्रमा समेत क्रियाशील नेता शिवनारायण उरावको ६१ वर्षको उमेरमा मिति २०७७ साल वैशाख १ गते सोमबार धरानस्थित वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारको क्रममा असामयिक निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

डा. भरतराज गौतम
संघीय संसदको महासचिव